**मिति २०७९ असार १३ गते बुधबार (वि.सं. २०७९।३।१३) तुलसीपुर उपमहानगरपालिकाको १३४औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रमा वडा स्तरीय सिलिङ्ग रु ७००००००।(सहत्तर लाख मात्र) कायम गर्ने तथा सो बजेटबाट आगामी आ.ब.मा सञ्चालन गर्ने वडा स्तरीय योजनाहरु सबै वडाहरुले मिति २०७९।३।१७ गते भित्र यस उपमहानगरपालिकाको योजना शाखामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ९ र ६ मा सञ्चालन भएको अटो भिलेजको भाडादर सम्बन्धमा आवश्यक तथ्य सत्य बुझि आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न तपसिलको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री माधव वली | संयोजक |
| श्री घनश्याम ढकाल | सदस्य |
| श्री दुजमान भण्डारी | सदस्य |
| श्री खुसीराम चौधरी | सदस्य |
| श्री भेषराज चन्द | सदस्य सचिव |

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकाको वडा नं. ५को आधुनिक पुर्वाधारयुक्त बसपार्क ब्यवस्थापनका लागि बुढाथोकी ट्रेड एण्ड सप्लार्यसले ठेक्का सञ्चालनको जिम्मा प्राप्त गरेको तर यस उपमहानगरपालिकाको तर्फबाट निर्माण गर्नु पर्ने न्यूनतम पुर्वाधार जस्तै टर्मिनल भवन भित्र यात्रु प्रतिक्षालय,वरपरको भागमा पर्खाल र सुरक्षाका लागि रात्री कालिन फ्लोड लाईट,कर संकलन कक्ष यस कार्यालयबाटै लगत ईष्टिमेट तयार गरी कार्यान्वयन गर्न लगाउने र उक्त रकम ठेकेदारले न.पा.लाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टि गर्ने निर्णय गरियो ।

टिकाराम खड्का
नगर प्रमुख

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९ असार १३ गते बुधबार (वि.सं. २०७९।३।१३) तुलसीपुर उपमहानगरपालिकाको १३४औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. ४**

यस तुलसीपुर उपमहानगरपालिका कार्यालयको आ.ब. २०७८/०७९ ठेक्का नं. १८ भमकेखोला कजवे देखि उत्तर ठाटीगाउ सम्म ठेक्काको कबोल अंक रु १४,१४,११४।(चौधलाख चौध हजार एकसय चौध) कबोल गर्ने न्यू अस्टिना निर्माण सेवा संग सम्झौता भई ठेक्का चलान गरी नदिजन्य पदार्थ उत्खनन् गर्दा स्थानीय बासिन्दाबाट बिरोध आई उत्खनन् कार्य हुन नसकेको हुदा रसिद बमोजिम उठाएको रकम रु २,६५०००।(दुईलाख पैसठ्ठि हजार मात्र) असुल गरी रु.११४९११४(एघार लाख उनान्चास हजार एक सय चौध मात्र) नियमानुसार फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र बिज्ञापन कर उठाउने सम्बन्धमा ठेक्का नं. ०४/०७७/०७८ बोलपत्र आवह्सन भई जेन्सन कन्ट्रक्सन एण्ड सप्लायर्स संग मिति २०७७।८।१४ गते संझौता भई ठेक्का चलान भएको र शर्त बमोजिम आ.ब. २०७८/०७९ मा ठेक्का नबिकरण नगरेको तथा पटक पटक पत्राचार गर्दा पनि हालसम्म नबिकरण गर्न नआएकोले निजलाई ७ दिन भित्र नबिकरण गर्न सूचना गर्ने यदि नबिकरण गर्न नआएमा उक्त सप्लायर्सबाट हाल सम्म यस उपमहानगरपालिकाले असुलउपर गर्नु पर्ने रकम असुलउपर गरी ठेक्का रद्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिकाको क्षेत्र अधिक भएको,शहरीकरणको गति तिब्र भएको र बिपदजन्य घटनाहरु बढदै जांदा यस उपमहानगरपालिकाको मौजुदा बारुणयन्त्रबाट मात्र प्रभावकारी सेवा उपलब्ध गराउन कठिन भईरहेकोले एक गोटा आधुनिक तथा उच्च गुणस्तरीय बारुणयन्त्र उपलब्ध गराई सहयोग गरिदिनका लागि राष्ट्रिय बिपद जोखिम न्यूनिकरण तथा ब्यवस्थान प्राधिकरण र अन्य संघ/संस्था तथा कार्यालय संग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकाको जग्गा रेखाङ्कन कार्यबिधि,२०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

राप्ती आंखा अस्पताल तुलसीपुरको च.नं. १०९ मिति २०७९।३।१२ गतेको पत्रबाट राप्ती आंखा अस्पतालमा आधुनिक प्रकारको शल्यक्रिया भवन निर्माण गर्ने प्रयोजनार्थ DPR समेत तयार गरी रु ५ करोड बराबरको शल्यकृया भवन निर्माणका लागि भारतीय राजदुताबासमा प्रस्ताव पेश गर्न यस तुलसीपुर उपमहानगरपालिकाको २० प्रतिशत लागत साझेदारीको प्रतिबद्धता आवश्यक भएकोले राप्ती आंखा अस्पताललाई २० प्रतिशत लागत साझेदारीको प्रतिबद्धता गर्ने निर्णय गरियो ।





खड्का